# आधारभूत तह कक्षा ३, ५ र ८

## 'हाम्रो बुटवल'

## विशिष्टीकरण तालिका

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल
लुम्बिनी प्रदेश , नेपाल

# भूमिका

बुटवल उपमहानगरपालिकाद्वारा निर्माण गरी कार्यान्वयनमा ल्याइएको स्थानीय पाठ्यक्रम २०७५ कक्षा १–८ अन्तर्गत 'हाम्रो बुटवल' विषयको विद्यार्थी मूल्याङ्कनका लागि आधार तयार गर्न यो विशिष्टीकरण तालिका तयार गरिएको हो । कक्षागतरुपमा राष्ट्रिय पाठ्यक्रमको ढाँचामा नै सैद्धान्तिक र प्रयोगात्मक मूल्याङ्कन हुने छ । यस तालिकाबाट 'हाम्रो बुटवल' विषय कक्षा ३, ५ र ८ को प्रश्नपत्र निर्माण गरी मूल्याङ्कन गर्दा निम्न फाइदाहरू हुनेछन् ।

- सुधारात्मक मूल्याङ्कन पद्धतिको आधारमा विद्यार्थीहरूले तोकिएका सिकाइ उपलब्धि प्राप्त गर्न सके सकेनन् पत्ता लगाई सुधारात्मक शिक्षण गर्न,
- विविध सिकाइ आवश्यकता भएका विद्यार्थीहरूको उपयुक्त मूल्याङ्कन गर्न,
- उपयुक्त मूल्याङ्कन पद्धतिको आधारमा कक्षोन्नति गर्न,
- यसले विद्यार्थीको विषयगत ज्ञान, बोध, सिपको प्रयोग र उच्च दक्षताको मापन गर्न,
- शिक्षकलाई विद्यार्थीको मूल्याङ्कन गर्न,
- प्रश्नपत्रलाई सरलबाट जटिलतातर्फ लैजान निर्देशित गरी विद्यार्थीहरूलाई परीक्षा राम्रो गर्न सहयोग गर्न ।

अन्त्यमा नमुना प्रश्नपत्र सहितको विशिष्टीकरण तालिकाले सम्बन्धित शिक्षक, विद्यार्थी र अन्य सरोकारवालाहरूलाई सहयोग गर्ने अपेक्षा राख्दै यसमा भएका त्रुटिहरू औंल्याई दिनु भई सकारात्मक र रचनात्मक सुझावको लागि हार्दिक अनुरोध गरिन्छ ।

बुटवल उपमहानगरपालिका

प्रकाशक : बुटवल उपमहानगरपालिका

नगरकार्यपालिकाको

कार्यालय

सर्वाधिकार प्रकाशकमा निहित

लेखकहरू :

श्री यज्ञलाल सापकोटा

श्री रोमा खनाल

श्री निर्मला पाण्डे

श्री शालिकराम पौडेल

श्री निर्मल पन्थी

श्री कृष्णप्रसाद घिमिरे

श्री सुन्दर बेल्वासे

श्री अमरबहादुर खत्री

सम्पादक मण्डल :

श्री वीरेन्द्रदेव भारती सल्लाहाकार

श्री मित्रमणि खनाल प्रमुख सम्पादक

श्री कमला चुदाली सम्पादक

पहिलो संस्करण २०७८

# विशिष्टीकरण तालिका कक्षा ३

| एकाइ | क्षेत्र | पाठ्यभार | ज्ञान र बोध | | | प्रयोगात्मक तथा खोजमूलक | | | समालोचनात्मक | | | अङ्क विभाजन | जम्मा अङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अति संक्षिप्त | संक्षिप्त | लामो | अति संक्षिप्त | संक्षिप्त | लामो | अति संक्षिप्त | संक्षिप्त | लामो | | |
| १ | बुटवलको सेरोफेरो | ९ | १ | १ | | १ | | | | | | २+३ | ५ |
| २ | हाम्रा पर्यटकीय स्थलहरू | २० | २ | | १ | १ | | | | | | ३+५ | ८ |
| ३ | हाम्रो संस्कृति | ९ | १ | १ | | १ | | | | | | २+३ | ५ |
| ४ | हाम्रौ आस्था | १९ | २ | | १ | १ | | | | | | ३+५ | ८ |
| ५ | सङ्घसंस्थाहरू | २० | २ | | १ | १ | | | | | | ३+५ | ८ |
| ६ | योग | २२ | २ | १ | १ | १ | | | | | | ३+३+५ | ११ |
| ७ | प्राकृतिक चिकित्सा र जडीबुटी | १० | १ | १ | | १ | | | | | | २+३ | ५ |
| | | १०९ | | | | | | | | | | | ५० |

# नमुना प्रश्न पत्र २०७८

कक्षाः ३ विषयः हाम्रो बुटवल पूर्णाङ्क : ५०
समयः १:३० घण्टा

---

सबै प्रश्नहरूको उत्तर लेख्नुहोस्:

## समूह 'क'

## अति संक्षिप्त उत्तरात्मक प्रश्नहरू

१)तलका चित्र र नामका बिचमा जोडा मिलाउनुहोस्: ५×१ =५

क) सिद्धबाबा मन्दिर
ख) दसैँ टीका
ग) योग
घ) अदुवा
ङ) कुरिलो

२)तलका शब्द र अर्थका बिचमा जोडा मिलाउनुहोस्: ५×१=५

| | |
|---|---|
| क) पहिरो | दुबो भएको समथर जमिन |
| ख) प्रतीक | धेरै पहिलेको |
| ग) गोष्ठी | पहाड भत्केर बनेको भीर |
| घ) चउर | चिह्न |
| ङ) प्राचीन | बैठक वा सभा |

३. खाली ठाउँ भर्नुहोस् :। ४×१=४

क) कृत्रिम ताल भनेको........... निर्मित ताल हो । (प्रकृति/मानव)
ख) बेल विवाहलाई नेवारी भाषामा........... भनिन्छ । (इही/फूल)
ग) बुटवल उपमहानगरपालिकामा रेडक्रसका........... शाखा छन् । (एक/दुई)
घ) योग अभ्यासले हाम्रो शरीर........... हुन्छ । (स्वस्थ/अस्वस्थ)

४.ठिक भए ठिक र बेठिक भए बेठिक लेख्नुहोस् : ४×१=४

क) नयाँ वर्ष वैशाख महिनामा पर्दछ। (ठिक/बेठिक)
ख) जितगढी किल्ला बुटवल वडा नं.५ मा पर्दछ। (ठिक/बेठिक)
ग) मिठोचोखो खानेकुरा आफूले मात्र खानुपर्दछ। (ठिक/बेठिक)
घ) नेपाल स्काउटको स्थापना २००९ सालमा भएको हो । (ठिक/बेठिक)

## समूह 'ख'

चित्र हेरी तीन वाक्यमा वर्णन गर्नुहोस्। ४×३=१२

५ वसन्त ऋतुको चित्र
६ जन्म दिन मनाएको चित्र
७ धनुरासनको चित्र
८ पुदिनाको चित्र

## समूह 'ग'

**लामो उत्तरात्मक प्रश्नहरू ४× 5=२०**

९)मणिमुकुन्द सेन उद्यानको सुन्दरताको वर्णन गर्नुहोस्।
१०) हामीले गर्न नहुने कुनै पाँचओटा कामहरू ल्ख्नुहोस्।
११) रेडक्रसका सात सिद्धान्तहरू लेख्नुहोस्।
१२) पत्थरचट्टाबाट निको पार्न सकिने कुनै चारओटा रोगको नाम लेख्नुहोस्।

अथवा

तपाइँका समुदायमा रमाइलो गरिने कुनै पाँचओटा चाडपर्वहरूका नाम लेख्नुहोस्।

**समाप्त**

# विशिष्टीकरण तालिका कक्षा ५

| एकाइ | क्षेत्र | पाठ्यभार | ज्ञान र बोध | | | प्रयोगात्मक तथा खोजमूलक | | | समालोचनात्मक | | | अङ्क विभाजन | जम्मा अङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अति संक्षिप्त | संक्षिप्त | लामो | अति संक्षिप्त | संक्षिप्त | लामो | अति संक्षिप्त | संक्षिप्त | लामो | | |
| १ | बुटवलको सेरोफेरो | १० | १ | | | १ | १ | | | | | २+३ | ५ |
| २ | हाम्रा पर्यटकीय स्थलहरू | २० | २ | | १ | १ | | | | | | ३+५ | ८ |
| ३ | हाम्रो संस्कृति | २० | २ | | १ | १ | | | | | | ३+५ | ८ |
| ४ | हाम्रौ आस्था | २८ | २ | | १ | १ | | | | | | ३+५ | ८ |
| ५ | सङ्घसंस्थाहरू | २६ | २ | | १ | १ | | | | | | ३+५ | ८ |
| ६ | योग | १८ | २ | | १ | १ | | | | | | ३+५ | ८ |
| ७ | प्राकृतिक चिकित्सा र जडीबुटी | १२ | १ | | | १ | १ | | | | | २+३ | ५ |
| | | १३४ | | | | | | | | | | | ५० |

नमुना प्रश्न पत्र २०७८

कक्षा: ५ विषय: हाम्रो बुटवल पूर्णाङ्क : ५०

समय: १:३० घण्टा

---

सबै प्रश्नहरूको उत्तर लेख्नुहोस्:

समूह 'क'

अति संक्षिप्त उत्तरात्मक प्रश्नहरू

१)तलका शब्द र अर्थका बिचमा जोडा मिलाउनुहोस्: ५×१ =५

| | |
|---|---|
| क) पर्यटन | पाँच सिद्धान्त |
| ख) कानुनी | रक्षा गर्ने काम |
| ग) पञ्चशील | शरीर |
| घ) आरक्षण | भ्रमण वा यात्रा |
| ङ) ज्यान | कानुन सम्बन्धी |

२. खाली ठाउँ भर्नुहोस् :५×१ =५

क) समुद्ध बुटवल ........... बुटवलबासी भन्ने यहाँको नारा नै हो ।

ख) जितगढी बुटवलको गौरवपूर्ण ......स्थल हो ।

ग) बड्की आइतबार ........जातिले मनाउने पर्व हो ।

घ) दुर्घटनाबाट हुने चोटपटकलाई.......सेवा भनिन्छ ।

ङ) पुदिना झार प्रजातिको जीवन उपयोगी .....हो ।

३.ठिक भए ठिक र बेठिक भए बेठिक लेख्नुहोस् : ५×१ =५

क)बुटवललाई बटौली पनि भनिन्थ्यो ।

ख)नरैनापुर मन्दिर परिसरमा बलि प्रथा रोक लगाइएको छ ।

ग)गर्भधारण गरेको तीन महिनापछि गरिने संस्कार गर्भ मङ्गल हो ।

घ)खाना खानेवित्तिकै कडा परिश्रम गर्नुपर्छ ।

ङ)कोरिया नेपाल इन्स्टिच्युट अफ टेक्नोलोजीले २०६० सालबाट काम गर्न थालेको हो ।

४) तलका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् । ४×१ =४

क) सहभागी
ख) बिमा
ग) उपवास
घ) सुगन्धित

## समूह 'ख'

तल दिइएका चित्र हेरी वर्णन गर्नुहोस् । २×३ =

५ पुरानो बुटवलको चित्र
६ दालचिनीको चित्र

## समूह 'ग'

**लामो उत्तरात्मक प्रश्नहरू ५×५ =२५**

७) जितगढी किल्लाको महत्त्व उल्लेख गर्दै यसको वर्णन गर्नुहोस् ।
८) हिन्दू धर्मका कुनै एक संस्कारको छोटो वर्णन गर्नुहोस् ।
९) होली पर्व कसरी मनाइन्छ ?
१०) बुटवल टेक्निकल इन्स्टिच्युटको छोटो परिचय दिनुहोस् ।
११) योगासन गर्दा हुने फाइदाहरू लेख्नुहोस् ।

अथवा

घिउकुमारीको कस्तो महत्त्व रहेको छ ?

**समाप्त**

# विशिष्टीकरण तालिका कक्षा ८

| एकाइ | क्षेत्र | पाठ्यभार | ज्ञान र बोध | | | प्रयोगात्मक तथा खोजमूलक | | | समालोचनात्मक | | | अङ्क विभाजन | जम्मा अङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अति संक्षिप्त | संक्षिप्त | लामो | अति संक्षिप्त | संक्षिप्त | लामो | अति संक्षिप्त | संक्षिप्त | लामो | | |
| १ | बुटवलको सेरोफेरो | १० | १ | १ | | १ | | | १ | | | १.५+४ | ५.५ |
| २ | हाम्रा पर्यटकीय स्थलहरू | ३० | २ | १ | | १ | | | १ | | १ | २.५+५+८ | १५.५ |
| ३ | हाम्रो संस्कृति | २० | १ | १ | | १ | | | १ | १ | | २+४+४ | १० |
| ४ | हाम्रौ आस्था | १० | १ | १ | | १ | | | | | | १+४ | ५ |
| ५ | सङ्घसंस्थाहरू | ४० | २ | १ | | १ | १ | १ | १ | | | २.५+४+४+८ | १८.५ |
| ६ | योग | ३० | १ | १ | | १ | १ | | १ | | | २+४+४ | १० |
| ७ | प्राकृतिक चिकित्सा र जडीबुटी | २० | २ | १ | | १ | १ | | १ | | | २.५+४+४ | १०.५ |
| | | १६० | | | | | | | | | | | ७५ |

नमुना प्रश्न पत्र २०७८

कक्षा: ८ विषय: हाम्रो बुटवल पूर्णाङ्क : ७५

समय: २:१५ घण्टा

---

सबै प्रश्नहरूको उत्तर लेख्नुहोस्:

समूह 'क'

अति संक्षिप्त उत्तरात्मक प्रश्नहरू

१)तलका शब्द र अर्थका बिचमा जोडा मिलाउनुहोस्: ६ × ०.५=३

| | |
|---|---|
| क) गढी | ईश्वरको पूजा |
| ख) दोहन | कुनै पदार्थप्रति तिरस्कार |
| ग) आराधना | धर्म |
| घ) एलर्जी | किल्ला |
| ङ) परलोक | बढी प्रयोग गर्नु |
| च) क्रिश्चियन | स्वर्ग |

२. खाली ठाउँ भर्नुहोस् :६ ×०.५=३

क) दाहसंस्कार गरेपछि........... काजक्रिया गरिन्छ ।

ख) वैशाख ७ गते जितगढीमा ...... मनाइन्छ ।

ग) चिनी लहरा ........ ठाउँमा राम्रोसँग हुर्किन्छ ।

घ) शरीरलाई उल्टो पारी गरिने आसन ....... आसन हो ।

ङ) चुरे पहाड ..... नामले प्रसिद्ध छ ।

च) सिद्धबाबा मन्दिरमा ........ का दिन भक्तजनको ठुलो घुइँचो हुन्छ ।

३.ठिक भए ठिक र बेठिक भए बेठिक लेख्नुहोस् : ६×०.५=३

क) सबैभन्दा पहिला सामुद्रिक जीवहरू देखा परे ।

ख) नेपालले आफ्नो गुमेको भूभाग पुनः नियन्त्रणमा लिन सफल भएन ।

ग) मरहठी ओसिलो ठाउँमा पाइने एक बर्षे झार वर्गको वनस्पति होइन ।

घ) इसामसिह ईश्वरकृत दीव्य पुरुषको जन्म दिनलाई क्रिसमस डेका रुपमा मनाउने चलन छ ।

ङ) ताडासन कुर्कुच्चाको बलमा उभिने आसन हो ।

च) पर्रोहा परमेश्वर धाम रुपन्देही जिल्लाको सैनामैना नगरपलिकामा रहेको छ ।

४) तलका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् । ५×१ =५

क) उत्खनन

ख) निरोगी
ग) आराधना
घ)त्रिकोण
ङ)पाइल्स

## समूह 'ख'

छोटो उत्तरात्मक प्रश्नहरू। १०×४=४०

५ चुरेको विनाशले के -के असर पर्दछ ?
६ क्रिसमस ट्रिको परिचय दिनुहोस्।
७ विवाह संस्कारको परिचय दिनुहोस्।
८ थारू जातिले माघी पर्व कसरी मनाउँछन् ?
९ सिद्धबाबा धामका आकर्षणहरूको वर्णन गर्नुहोस्।

अथवा

परोंहा परमेश्वर बोलबम धाम कहाँ अवस्थित छ ?
१० बोलबम धामका मुख्य धार्मिक तथा साँस्कृतिक सन्देशहरू के -कस्ता छन् ?
११ तपाईं त्रिकोणासन सिकाउनुपरेमा कसरी सिकाउनुहुन्छ ?
१२ शीर्षासनका फाइदाहरू लेख्नुहोस्।
१३ एक्युपन्चर कसरी प्रयोग गरिन्छ ?
१४ चिनीलहरोको परिचय र उपयोगिता लेख्नुहोस्।

## समूह 'ग'

लामो उत्तरात्मक प्रश्नहरू २×८ =१६

१५)बुटवलको तिनाउ नदीको किनारमा भेटिएको मानव जातिको अवशेषका बारेमा वर्णन गर्नुहोस्।
१६) निलकण्ठ बाबा धामका मुख्य आकर्षणहरूको वर्णन गर्नुहोस्।

अथवा

लोकायत दर्शन कस्तो दर्शन हो ?

## समूह 'घ'

१७) जितगढी किल्लाको विषयमा एउटा प्रतिवेदन लेख्नुहोस्। ५

**समाप्त**